ASIAN Life Insurance Company
सबैको लागि सधैंको लागि सुरक्षा...

# एशियन लाईफ इन्स्योरेन्स कं लि.
# को
# नवौं बार्षिकोत्सवको उपलक्ष्यमा जारी
## प्रेस-बिज्ञप्ति

२०६४ चैत्र २१ गतेबाट कारोबार प्रारम्भ गरेको यस एशियन लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेडले आफ्नो कार्यकालको आठौं वर्ष पुरा गरी नवौं वर्षमा प्रवेश गरेको छ । यस कम्पनीले ८ वर्षको छोटो अवधिमा नेपालको पूर्व मेची देखि पश्चिम महाकाली सम्म ६८वटा जिल्लामा कुल २१ वटा शाखा र ७२ वटा उपशाखा कार्यालयहरुवाट आफ्ना बीमितहरुलाई बीमा सेवा प्रदान गर्दै आईरहेको छ । हाल कम्पनीको चुक्ता पुंजी रु.६७ करोड १३ लाख २७ हजार ७ सय रहेको छ ।

नवौं बर्षमा प्रवेशको उपलक्ष्यमा कम्पनीले २०७२ चैत्र १९, २०, २१ गते सामाजिक उत्तरदायित्व अन्तर्गत विविध कार्यक्रमहरु सम्पन्न गरेको छ । २०७२ चैत्र १९ गते एच.आइ. भि को कारणवाट बाबु आमा दुवै गुमाएका तथा एच. आई भि संक्रमीत वालवालीकाहरुलाई पुर्नवल प्लस स्वयम्भु, काठमाण्डौंमा स्कुल ब्याग एवं स्टेशनरी वितरण गरियो । चैत्र २० गते शनिवार विहान मैतिदेवि मन्दिर परिसरमा सरसफाई गर्ने कार्यक्रम सम्पन्न गरी फोहोर संकलन गर्ने डब्बा उक्त मैतिदेवी क्षेत्र प्रबन्ध समितिलाई हस्तान्तरण गरियो ।

२०७२ चैत्र २१ गते लायन्स क्लब, चावहिल काठमाण्डौंको सहकार्यमा यस कम्पनीको प्रधान कार्यलयको प्राङगणमा गरिएको खुल्ला रक्तदान कार्यक्रममा ८० जना सहभागीहरुले रक्तदान गरेका थिए । साथै कम्पनीले नवौं वार्षिक उत्सवको अवसर पारी रक्तदान जस्तो महत्वपूर्ण कार्यलाई विशेष प्राथमिकता दिई नेपालको पूर्व देखि पश्चीम सम्मका विभिन्न शाखाहरुवाट समेत गरी कुल ४७५ जना वाट रक्तदान गरियो । कम्पनीको सामाजिक उत्तरदायित्वलाई व्यवहारमा प्रस्तुत गर्ने यस अभियानमा साथ दिनुहुने सम्पूर्ण रक्तदाता महानुभावहरु प्रति आभार व्यक्त गर्दछौं ।

कम्पनीले ८ वर्षको अवधिमा ७५ वटै जिल्लामा अभिकर्ताहरुलाई तालिम प्रदान गरी कुल ३,४७,९५९ बीमालेख बिक्रि गरी रु. ८ अर्व ३० करोड प्रिमियम संकलन तथा २०७२ पौष मसान्त सम्म रु.६ अर्व ७७ करोड ६६ लाख ८२ हजारको जीवन बीमा कोष रहेको छ । साथै सोही अवधि सम्म कम्पनीको कुल लागानी रु.६ अर्व १४ करोड रहेको छ । कम्पनीले आ.व. ०७१/७२मा काठमाण्डौंको नक्सालमा ३७ आना जग्गा समेत खरिद गरेको छ । कम्पनीले संस्थामा कार्यरत कर्मचारीहरुलाई लक्षित गरी हालै सामुहिक जीवन बीमाको अवधारणा अनुरुप नवीनतम बीमा योजना **"सामुहिक सावधिक जीवन बीमा योजना "** प्रस्तुत गरेको छ । यस कम्पनीले विभिन्न वर्गलाई लक्षित गरी यस अधिनै १२ वटा आकर्षक जीवन बीमा योजनाहरु संचालनमा ल्याइसकेको छ ।

कम्पनीको उपलब्धि हाँसील गर्नमा श्री बीमा समिति तथा अन्य नियामक निकायहरु, समस्त अभिकर्ता, सम्पुर्ण कर्मचारी, ग्राहक वर्ग तथा शेयरधनी महानुभावहरुले कम्पनी प्रति दर्शाउनु भएको विश्वास तथा सद्भाव प्रति हार्दिक कृतज्ञता प्रकट गर्दै आगामी दिनहरुमा अझ बढी सुलभ, सरल आधुनिक सेवा प्रदान गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं ।

मिति २०७२/१२/२१

भवदिय,

(राजेश कुमार श्रेष्ठ)
प्रमुख कार्यकारी अधिकृत


**एशियन लाईफ इन्स्योरेन्स कं. लि.**

एशियन लाईफ भवन, मैतिदेवी, काठमाडौं, नेपाल, पो.ब.नं. २५९४३, फोन नं. ४४३०२७०, ४४१०११५ फ्याक्स नं. : ४४४२१३८

ईमेलः asianlife@asianlife.com.np, वेभसाइटः www.asianlife.com.np